# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १६ ] काठमाडौं, फागुन २६ गते २०२३ साल [ संख्या ४५


श्री ५ को सरकार

### अर्थ–मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको राष्ट्र ऋण (दोस्रो संशोधन) नियमहरू, २०२३ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

### राष्ट्र ऋण ( दोस्रो संशोधन ) नियमहरू, २०२३

राष्ट्र ऋण नियमहरू, २०२० (यसपछि मूल नियमहरू भनिएको ) मा संशोधन गर्न आवश्यक भएकोले राष्ट्र ऋण ऐन, २०१७ को दफा १७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल राष्ट्रबैङ्कको राय लिई देहाका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "राष्ट्र ऋण ( दोस्रो संशोधन) नियमहरू, २०२३" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुने छन्।

२. मूल नियमहरूको अनुसूचीमा संशोधनः– मूल नियमहरूको अनुसूची (घ) र (ङ) को सट्टा देहायबमोजिमको अनुसूची (घ) र (ङ) राखिएको छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४३३

# अनुसूची (घ)

… … … रुपैयां … … … … … … विकास ऋण

श्री ५ को सरकारको बियरर बण्ड… … … … … …

राष्ट्र ऋण ऐन, २०१७ बमोजिम उठाइएको बियरर बण्ड … … …

मध्ये यो ऋणपत्र लिई आउनेलाई रू. … … … अक्षरेपि … … … रुपैयां मात्रको भुक्तानी विक्रम सम्वत् … … … साल … … … मा र त्यसको वार्षिक … … … प्रतिशतका दरले पाकेको व्याजको अर्ध-वार्षिक भुक्तानी ६।६ महीना मा वि. सं. … … … देखि वि. सं. … … सम्मको … … र … … नेपाल अधिराज्यस्थित जुनसुकै बैंङ्क अफिसबाट दिने गरी यो बियरर बण्ड दिइएको छ। त्यसरी दिइएको व्याजको भुक्तानी यस ऋणपत्रको पछाडि लेखिने छ।

बिक्री गर्ने अफिसको छाप

मितिः– … … …

श्री ५ को सरकारको तर्फबाट

गभर्नर

नेपाल राष्ट्रबैंक

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## ब्याज भुक्तानी विवरण

| किस्ता नम्बर | मिति | भुक्तानी दिने अफिसको छाप | स्थान | अफिसरको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

224

## अनुसूची (ङ)

विकास ऋण

श्री ५ को सरकारको प्राइज बण्ड ... ...

ब्याज रहित प्राइज बण्ड

राष्ट्र ऋण ऐन, २०१७ बमोजिम उठाइएको ब्याज रहित प्राइज बण्ड ... ... ... मध्ये रू. ... ... ... अक्षरेपि ... ... ... रुपैयां मात्रको भुक्तानी विक्रम सम्वत् ... ... ... साल ... ... ... मा यो ऋणपत्र लिई आउने व्यक्तिलाई र त्यसको ब्याजको हकमा यस ऋणपत्रको पछाडि लेखिएबमोजिमको प्राइज पर्नेलाई दिने गरी यो प्राइज बण्ड दिइएको छ ।

बिक्री गर्ने अफिसको छाप

मितिः– ... ... ...

श्री ५ को सरकारको तर्फबाट

गभर्नर

नेपाल राष्ट्र बैंक

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल राष्ट्रबैंकको रेखदेखमा वर्षको दुई पटक ··· ····· चिट्ठा खोलिने छन् र चिट्ठा पर्ने ऋण पत्रका धनीहरूलाई निम्नलिखित प्राइजहरू दिइने छः–

| | | | | |
|---|---|---|---|---|
| पहिला | १ के रू. | १०,०००।— | ले रू. | १०,०००। |
| दोस्रो | २ के रू. | ५,०००।— | ले रू. | १०,०००। |
| तेस्रो | ५ के रू. | १,०००।— | ले रू. | ५,०००। |
| चौथो | १२ के रू. | ५००।— | ले रू. | ६,०००। |
| पांचौं | ६५ के रू. | १००।— | ले रू. | ६,५००। |
| | | | रू. | ३७,५००। |

प्राइजको दाबी नेपाल अधिराज्यस्थित जुनसुकै बैंक अफिसमा गर्न सकिने छ। नेपाल राष्ट्रबैंक, राष्ट्र ऋण विभागले सो दाबीको जांच गरी स्वीकृति पठाएपछि प्राइजको भुक्तानी दिइने छ। दाबीको साथ यो ऋणपत्र पेश गर्नुपर्ने छ र प्राइजको भुक्तानीको साथै ऋणपत्र पनि फिर्ता दिइने छ।

प्राइज वा सांवाको दाबीको निमित्त ऋणपत्र पेश गर्दा वा बुझाउँदा साबूद (रूपमा) हुनु पर्दछ। कुनै हालतमा पनि हराएको वा चोरिएको वा नष्ट भएको पत्रको प्रतिलिपि दिइने छैन तथा प्राइज वा साँवाको दाबी स्वीकार गरिने छैन।

माथि उल्लिखित चिट्ठा खोलिने मितिले कमसे कम ६० दिन अगावै प्राइज बण्ड खरीद गर्नेले मात्र प्राइज पाउने छ।

आज्ञाले–
डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 226